# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशित स्वत: प्रकाशन

## (मिति २०८० कार्तिक १ गते देखि २०८० पौष मसान्त सम्मको)



**प्रकाशक**

**पालुङटार नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**पालुङटार,गोरखा।**

## क) निकायको स्वरुप र प्रकृति

नेपालको संविधानले परिकल्पना गरेको तहगत संरचनाको शासकीय इकाइहरु मध्येको एक स्थानीय तहको रुपमा पालुङटार नगरपालिका रहेको छ। वि सं २०७१ मा साविकका च्याङली, गाइखुर, पालुङटार एवं आँपपिपल गा वि स हरु एवं वि सं २०७३ मा साविकका मिरकोट, धुवाँकोट र खोप्लाङ गा वि स हरु थप भई यस नगरपालिकाको संरचना तयार भएको छ । विषयगत शाखाहरु, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुको प्रत्यक्ष सहभागितामा नगरसभा र कार्यपालिकाका नीतिगत एवं कानूनी निर्णयहरुका आधारमा सम्वन्धित सरोकारवालाहरुको व्यापक सहभागितामा आफ्ना क्रियाकलापहरु सञ्चालन गर्ने प्रकृतिको निकायको रुपमा यस निकाय रहेको छ।

## ख) निकायको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको अनुसूचिमा सूचिकृत एकल एवं साझा अधिकारहरु र सो को कार्यविस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ सहितका अन्य प्रचलित कानूनहरुले पालुङटार नगरपालिका सहितका अन्य स्थानीय तहहरुका काम, कर्तव्य र अधिकारहरुलाई परिभाषित गरेको छ।यी कानूनहरुले स्थानीय तहलाई वृहत क्षेत्राधिकार सहितको महत्वपूर्ण शासकीय इकाइको रुपमा स्थापित गरेको छ। यस अनुरुप पालुङटार नगरपालिकाका प्रतिनिधिमुलक काम, कर्तव्य र अधिकारहरु निम्नानुसारका रहेका छन।

- आफ्ना अधिकारक्षेत्रका विषयहरुमा संघीय एवं प्रादेशिक कानुनहरुसँग नवाझिने गरी नीति, कानुन, योजनाहरुको तर्जुमा एवं सो को कार्यान्वयन गर्ने।
- नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विषयहरुमा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।
- स्थानीय विकास व्यवस्थापनलाई प्रभावकारी तुल्याउने।
- सेवा प्रवाह एवं विकास व्यवस्थापनका सम्वन्धमा संघ एवं प्रदेशका साथै अन्य सरोकारवालाहरुसँग प्रभावकारी समन्वय स्थापित गर्ने।
- प्रचलित कानुन वमोजिमका अन्य कार्यहरु सम्पादन गर्ने।

## ग) निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

पालुङ्टार नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको संगठन संरचना, नगरसभामार्फत थप गरिएका दरवन्दीहरु सहितको संरचनामा रहने गरी विभिन्न प्रकृतिका कर्मचारीहरु कार्यरत रहेका छन ।ठूलो संख्याको कर्मचारीका कारण प्रत्येक कर्मचारीको कार्यविवरण प्रस्तुत गर्न नसकिएतापनि नगरपालिकामा रहेका कर्मचारीहरुको संक्षिप्त विवरण तपशील वमोजिम प्रस्तुत गरिएको छ ।

## घ) कर्मचारी विवरण

**पालुङ्टार नगरपालिका**

### नगर कार्यपालिकाको कार्यालय

### पालुङ्टार, गोरखा

**गण्डकी प्रदेश,नेपाल**

### पालुङ्टार नगरपालिकामा कार्यरत स्थायी (निजामती र स्थानीय) र करारका कर्मचारीहरुको विवरण

| क्र. सं. | नाम, थर | पद | ठेगाना | फोन नम्बर | सेवाको प्रकृति |
|---|---|---|---|---|---|
| १ | गौतम भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | गोरखा न.पा.१४, गोरखा | ९८४६०७८१११ | निजामति |
| २ | पूर्ण बहादुर नेपाली | उप-सचिव (नवौं तह) | रराईनास न.पा.५, तिनपिप्ले | ९८५६०५२१४७ | स्थायी स्थानीय |
| ३ | माधब पोखरेल | शाखा अधिकृत (आठौं) | पा.न.पा.-२, गोरखा | ९८५१२०१२४२ | स्थायी स्थानीय |
| ४ | सुवन शर्मा | लेखा अधिकृत (सातौं) | वालिङ-१० स्याङजा | ९८५६०७४९२७ | स्थायी निजामती |
| ५ | निर्मला पन्त | अधिकृत सातौं | पा.न.पा १, गोरखा | ९८४१०३६६१७ | स्थायी स्थानीय |
| ६ | दिपेन्द्र अर्याल | लेखा अधिकृत छैटौ | गो. न. पा गोरखा | ९८५६०७४२९० | स्थायी स्थानीय |
| ७ | सन्दिप मरहट्टा | सिभिल इन्जिनियर (अ.सातौं) | पा.न.पा २,गोरखा | ९८४९२१४३५२ | स्थायी स्थानीय |
| ८ | अनुप देवकोटा | सिभिल इन्जिनियर (अ.छैठौ) | पा.न.पा ४,गोरखा | ९८४१६८६३१२ | करार |
| ९ | अशोक कुमार श्रेष्ठ | सुचना प्र.अधिकृत(छैठौ) | पा.न.पा ५,गोरखा | ९८४१६२२८०१ | करार |
| १० | टुक प्रसाद पौडेल | अधिकृत छैठौ | आधिखोला गा.पा | ९८५६०४०९५७ | स्थायी स्थानीय |
| ११ | रविन मिश्र | लेखापाल (स.पाँचौ) | सुन्दरबजार १, लमजुङ | ९८४३३७५७५३ | स्थायी स्थानीय |
| १२ | सरोज थापा | आ.ले.प. सहायक (पाँचौ) | का. गा.पा. ४, बाग्लुङ | ९८६९५४९२९३ | स्थायी स्थानीय |
| १३ | सबिन अर्याल | प्राबिधिक (सहायक पाचौँ) | गो.न.पा.-३, गोरखा | ९८४६३४८९९२ | स्थायी स्थानीय |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | अनिल खत्री | सव- इन्जिनियर (स.पाँचौ) | पा.न.पा ७, गोरखा | ९८४३३६७२७० | करार |
| १५ | धनेन्द्र श्रेष्ठ | सहायक पाँचौ | भिमसेनथापा गा.पा-५ | ९८५६०८०३८८ | स्थानीय स्थायी |
| १६ | राम प्रसाद पोखरेल | खरिदार (स.चौथो) | पा.न.पा २, गोरखा | ९८४६०५६४३९ | स्थायी स्थानीय |
| १७ | नबीन पोखरेल | अ.स. इ. (सहायक चौथो) | खोप्लाङ- २, गोरखा | ९८५११७६०५६ | स्थायी स्थानीय |
| १८ | जमुना आले मगर | कम्प्युटर अपरेटर | गो. न. पा ४ गोरखा | ९८४९७७८२०६ | करार |
| १९ | प्रताप मल्ल | इलेक्टीसियन | पा.न.पा ५ गोरखा | ९८४६४७९६८३ | करार |
| २० | राधा देवकोटा | सामाजिक परिचालीका | पा.न.पा ५ गोरखा | ९८६२५७३३०३ | करार |
| २१ | बल बहादुर परियार | सवारी चालक | पा.न.पा ५ गोरखा | ९८४६८३५६७४ | करार |
| २२ | दिपक कोइराला | सवारी चालक | पा.न.पा., गोरखा | ९८०४१८२९९२ | करार |
| २३ | सुमन अधिकारी | कार्यालय सहयोगी | पा.न.पा ५,गोरखा | ९८२५१०१४८२ | करार |
| २४ | भक्त बहादुर कुमाल | कार्यालय सहयोगी | पा.न.पा ७, गोरखा | ९८०६६६२२९३ | करार |
| २५ | डुम बहादुर गुरुङ | कार्यालय सहयोगी | पा.न.पा ५ गोरखा | ९८०४१५७५१० | करार |
| २६ | डिलमाया परियार | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६१७०४७६ | करार |
| २७ | संगीता वाग्ले | कार्यालय सहयोगी | पा.न.पा. ४ | ९८४६५३६३२२ | करार |
| २८ | राजेन्द्र सुनार | सवारी चालक एम्बुलेन्स | पा न पा | ९८४५३९७६३५ | करार |
| २९ | रविन्द्र कुमाल | कार्यालय सहयोगी | पा न पा | ९८२७१८५४१५ | करार |
| **मेड्पा कार्यक्रम** | | | | | |
| १ | राम जनम चौधरी | उद्यम बिकास सहजकर्ता | कैलारी गा.पा., कैलाली | ९८६८२३२१७० | करार |
| **पञ्जिकरण शाखा** | | | | | |
| १ | सुजन बि.क. | एम.आई.एस. अपरेटर | पा.न.पा ४, गोरखा | ९८२४१११३२९ | करार |
| २ | सरोज थापा  मगर | एम.आई.एस. अपरेटर | सिरानचोक गा.पा., गोरखा | ९८०८६२१७११ | करार |
| ३ | ईश्वरी अधिकारी | फिल्ड सहायक | पा.न.पा ९, गोरखा | ९८६०१०१४११ | करार |
| **रोजगार सेवा केन्द्र** | | | | | |
| १ | कल्पना के.सी. | रोजगार संयोजक (छैठौं) | पा.न.पा.२ | ९८४९९८७७८६ | |
| २ | ध्रुव सिलवाल | रोजगार सहायक (पाँचौं) | पा.न.पा.८ | ९८०५८५२९५८ | |
| ३ | रामचन्द्र पण्डित | प्राविधिक सहायक (पाँचौ) | पा.न.पा.५, गोरखा | ९८६००५५७४३ | |
| **वडा नं. १  वडा कार्यालय** | | | | | |
| १ | सन्तोस बसेल | वडा सचिव १ | पा.न.पा  गोरखा | ९८२५१३६७६६ | करार |
| २ | उत्पल आचार्य | सब-इन्जिनियर | पा.न.पा.१, गोरखा | ९८४५१४००५० | करार |
| ३ | राजेन्द्र कोइराला | सामाजिक परिचालक | पा.न.पा  गोरखा | ९८४६१२७७१४ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | जमुना खड्का | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६३४८५४६ | करार |
| **वडा नं. २ वडा कार्यालय** | | | | | |
| १ | सरस्वती कट्टेल | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६५३६१८१ | करार |
| २ | किसान बाबु थापा मगर | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८२४१८७३६० | करार |
| **वडा नं.३ वडा कार्यालय** | | | | | |
| १ | बिद्या भट्टराई | वडा सचिव (सहायक चौथो) | स्याङ्जा | ९७६५९४००१५ | स्थायी स्थानीय |
| २ | कृष्ण कला अधिकारी | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६५३५३९७ | करार |
| ३ | ज्योती गिरी | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८१४१०५८८१ | करार |
| **वडा नं. ४ वडा कार्यालय** | | | | | |
| १ | सुमित्रा देवि शर्मा | अधिकृत छैठौं | कुश्मा न.पा. ११, पर्वत | ९८४७६६०६७२ | स्थायी स्थानीय |
| २ | लालु गुरुङ | सव- इन्जिनियर (पाँचौ) | पा.न.पा ४, गोरखा | ९८४६०५६४७० | स्थायी स्थानीय |
| ३ | प्रिति शर्मा खनाल | सामाजिक परिचालक | पा.न.पा.४, गोरखा | ९८४६७५२६९१ | करार |
| ४ | लक्ष्मी संग्रौला मरहट्टा | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८६७७५८९२८ | करार |
| **वडा नं. ५ वडा कार्यालय** | | | | | |
| १ | पुष्ता कुँवर | वडा सचिव (सहायक चौथो) | पा.न.पा. ५ | ९८४५४९९३४३ | स्थानीय स्थायी |
| २ | सुमन गिरी | सब-इन्जिनियर | पा.न.पा. ५ | ९८६११५१४३३ | करार |
| ३ | बिनिषा अर्याल | कम्प्युटर अपरेटर | पा.न.पा. २, गोरखा | ९८४६१५६७९५ | करार |
| ४ | निसा अधिकारी | कार्यालय सहयोगी | पा.न.पा.५ गोरखा | ९८१५१५४३५६ | करार |
| **वडा नं. ६ वडा कार्यालय** | | | | | |
| १ | नानु सुनार | वडा सचिव (सहायक पाँचौ) | पा.न.पा.१, गोरखा | ९८४६९८४२१२ | स्थायी स्थानीय |
| २ | दिपक बानिया | सब-इन्जिनियर | पा.न.पा.९, गोरखा | | करार |
| ३ | चन्चला रेग्मी | सामाजिक परिचालिका | पा.न.पा ६ गोरखा | ९८४६२१८४२८ | करार |
| ४ | थम बहादुर थापा | कार्यालय सहयोगी | पा.न.पा ६ गोरखा | ९८०३१६३०४९ | करार |
| **वडा नं. ७ वडा कार्यालय** | | | | | |
| १ | सोविता पन्त | वडा सचिव (सहायक पाँचौ) | चापाकोट, स्याङ्जा | ९८४६०७५५८२ | स्थायी स्थानीय |
| २ | सुजाता शर्मा | अ.स. इ. (सहायक चौथो) | आवुँखैरेनी-१, तनहुँ | ९८६९६०९७४७ | स्थायी स्थानीय |
| ३ | निरा अधिकारी | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६१११२०७ | करार |
| ४ | लिला खत्री | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६२८९३२८ | करार |
| **वडा नं. ८ वडा कार्यालय** | | | | | |
| १ | शालिक राम शर्मा | अ.सब-इन्जिनियर (चौथो) | पा न पा.८ | ९८४६२९५९६२ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | चिरिन्जिवि ओलिया | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६४१३८०६ | करार |
| **वडा नं. ९ वडा कार्यालय** | | | | | |
| १ | पदम बहादुर वाग्ले | वडा सचिव (सहायक चौथो) | पा.न.पा ९ गोरखा | ९८४६१२५८१५ | स्थानीय स्थायी |
| २ | गणेश थापा | अ.सब-ईन्जिनियर | पा.न.पा.९, गोरखा | | करार |
| ३ | सविता पाठक | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६१८८७२५ | करार |
| ४ | राम बहादुर सेडाइ | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८४६३७७४३५ | करार |
| **वडा नं. १० वडा कार्यालय** | | | | | |
| १ | सोम बहादुर खड्का | वडा सचिव (सहायक चौथो) | पा.न.पा गोरखा | ९८४६७५५२५१ | करार |
| २ | निर माया कुवर | सामाजिक परिचालक | पा.न.पा गोरखा | ९८४६५७०९४८ | करार |
| ३ | कृष्ण बहादुर मजाकोटी | कार्यालय सहयोगी | पा.न.पा गोरखा | ९८१७१०६४१७ | करार |
| **स्वास्थ्य शाखा** | | | | | |
| १ | सिर्जना पोखरेल | जनस्वास्थ्य अधिकृत(सांतौ) | व्यास न.पा.१०, तनहुँ | ९८४६०९००२६ | स्थायी स्थानीय |
| २ | कृष्ण प्रसाद अधिकारी | जन स्वास्थ्य निरिक्षक(छैठौं) | पा.न.पा १० गोरखा | ९८४६१८८९३१ | स्थायी स्थानीय |
| ३ | गोमा श्रेष्ठ | स्टाफ नर्स (पाँचौ) | पा.न.पा.२, गोरखा | ९८६०१२४९९८ | स्थानीय स्थायी |
| ४ | सुमित्रा आले | अ.हे.ब. (सहायक चौथो) | गोरखा न.पा.८, गोरखा | ९८६३९२४३०८ | करार |
| ५ | यज्ञमणि लुइँटेल | कार्यालय सहयोगी | पा.न.पा ४, गोरखा | ९८४६०५७७७८ | स्थायी स्थानीय |
| **आर्युर्वेद शाखा** | | | | | |
| १ | हितकाजी श्रेष्ठ | कविराज (अ.स्तर सातौं) | पा.न.पा ४ | ९७४११५१९६४ | स्थायी स्थानीय |
| २ | बसन्त घिमिरे | बैद्य निरिक्षक (छैठौं) | गण्डकि गा.पा.१ | ९८४६३२८५४५ | स्थायी स्थानीय |
| ३ | विमला नेपाली | का. स. | पा.न.पा ४ | ९८४६५१६४८५ | करार |
| **कृषि शाखा** | | | | | |
| १ | शर्मिला ढकाल | कृषि स्नातक | पा.न.पा.४, गोरखा | ९८४६४६१९६२ | करार |
| २ | लक्ष्मी देवकोटा | ना.प्र.स. (सहायक पाँचौ) | पा.न.पा गोरखा | ९८४६५८९९३२ | स्थायी स्थानीय |
| ३ | पियुष देवकोटा | सहायक पाँचौ | पा.न.पा.४, गोरखा | ९८४८७३३०११ | करार |
| ४ | पुष्पा कार्की | ना.प्र.स. (चौथो) | आरुघाट गा.पा.५, गोरखा | ९८१४१०१०१९ | स्थायी स्थानीय |
| ५ | चण्डीका पोख्रेल | ना.प्र.स. (चौथो) | पा.न.पा ६ गोरखा | ९८४६०८७२४१ | करार |
| ६ | अन्जिता खड्का | ना.प्र.स. (चौथो) | पा.न.पा.१०, गोरखा | | करार |
| ७ | जुना श्रेष्ठ | कार्यालय सहयोगी | पा.न.पा ४, गोरखा | ९८६४५९७८३५ | करार |
| **पशु सेवा शाखा** | | | | | |
| १ | राम प्रसाद देवकोटा | अधिकृत छैठौ | पा.न.पा १० गोरखा | ९८४६१२७७६० | स्थायी स्थानीय |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | डा. सुरज मरहट्ठा | पशु चिकित्सक | पा.न.पा.२, गोरखा | ९८४३२९७७४४ | करार |
| ३ | सम्झना न्यौपाने | नायव पशु प्राविधिक | मादी गा.पा-८, कास्की | ९८२६१३०४०८ | स्थायी स्थानीय |
| ४ | प्रमिला माया घिसिङ | नायव पशु सेवा प्राविधिक | दोरम्बा-५, रामेछाप | ९८४४३१९४१० | स्थायी स्थानीय |
| ५ | सन्देश बस्नेत | पशु सेवा प्राविधिक (पाँचौ) | गोरखा न.पा.८, गोरखा | | करार |
| ६ | सनत देवकोटा | पशु प्राविधिक (सहायक चौथो) | पा.न.पा.१०,गोरखा | ९८४६७५५१२९ | करार |
| ७ | महेन्द्र कुमार श्रेष्ठ | का. स. | पा.न.पा ४ गोरखा | ९८४६३००६४९ | करार |
| **खोप्लाङ स्वास्थ्य चौकी** | | | | | |
| १ | प्रेम बहादुर भण्डारी | सि.अ.हे.ब. (अ.छैठौं) | पा.न.पा.४, गोरखा | ९८४६१७९५११ | स्थायी स्थानीय |
| २ | लक्ष्मी खनाल | सि.अ.न.मि (सहायक पाँचौ) | पा.न.पा.४, गोरखा | ९८४६७८३१५६ | स्थायी स्थानीय |
| ३ | स्मृति तामाङ | अ.न.मि. चौथो | पा.न.पा.८, गोरखा | ९८४६७६३८६२ | स्थायी स्थानीय |
| ४ | प्रविण श्रेष्ठ | हे.अ. छैठौं | पा.न.पा. १, गोरखा | ९८४६७७१३३२ | स्थायी स्थानीय |
| ५ | लिला पौडेल | अ.न.मी. (सहायक चौथो) | पा.न.पा. | ९८४५१९८७१८ | करार |
| ६ | गान्धिश्वर श्रेष्ठ | का.स. | पा.न.पा. १०, गोरखा | ९८०५८३५८५० | करार |
| **आँपपिपल स्वास्थ्य चौकी** | | | | | |
| १ | राधा देवकोटा | ज.स्वा.नि. हे.अ. (छैटौं) | राइनाश न.पा.९, लमजुङ | ९८४९२५०५७२ | स्थायी स्थानीय |
| २ | उमेश ढकाल | सि.अ.हे.ब. (पाचौं) | पा.न.पा.२, गोरखा | ९८६०८०५८३२ | स्थायी स्थानीय |
| ३ | पवित्रा देवि पोखरेल | सि.अ.न.मि. (पाँचौ) | पा.न.पा.३, गोरखा | ९८४६३३९५९० | स्थायी स्थानीय |
| ४ | इन्द्रा पौडेल गैरे | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.५, गोरखा | ९८१७१०४००४ | करार |
| ५ | पार्वती बानिया | का.स. | पा.न.पा.२, गोरखा | ९८४६३२८४७० | करार |
| **लिगलिग बड्डाडाँ स्वास्थ्य चौकी** | | | | | |
| १ | रत्न कुमार श्रेष्ठ | सि.अ.हे.ब. (अ.छैठौं) | पा.न.पा.५, गोरखा | ९८४३३६९६६३ | स्थायी स्थानीय |
| २ | सुनिल जंग ठकुरी | ज.स्वा.नि.(अ.छैठौं) | पा.न.पा.४, गोरखा | ९८४५२२०४५१ | स्थायी स्थानीय |
| ३ | भावना देवकोटा | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.४, गोरखा | ९८१८८७१६२२ | करार |
| ४ | सुस्मिता सुनार | अ.न.मि. (सहायक चोथो) | पा.न.पा.४, गोरखा | ९८६६१४०७३५ | करार |
| ५ | सिता पौडेल | कार्यालय सहयोगी | पा.न.पा.४, गोरखा | ९८४६८४८६४९ | करार |
| **गाइखुर स्वास्थ्य चौकी** | | | | | |
| १ | रामलाल श्रेष्ठ | सि.अ.हे.ब. (अ.छैठौं) | पा.न.पा. ६, गोरखा | ९८४६०३३९१८ | स्थायी स्थानिय |
| २ | अप्सरा देवकोटा | जनस्वास्थ्य निरिक्षक (छैठौं) | भानु, तनहुँ | ९८४६१२६६५२ | स्थायी स्थानिय |
| ३ | दिपेन्द्र गिरी | ज.स्वा.नि. हे.अ. (छैटौं) | पा.न.पा ४ गोरखा | ९८५६०६२२१९ | स्थायी स्थानीय |
| ४ | सुशिला शर्मा | अ.न.मि पाँचौ | बाग्लुङ | ९८४९५९६१०५ | स्थायी स्थानिय |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | सानुमाया बराकोटी | का.स. | पा.न.पा.६, गोरखा | | करार |
| **च्याङ्ली स्वास्थ्य चौकी** | | | | | |
| १ | भरतराज पाण्डे | सि.अ.हे.ब. (अ.छैठौं) | पा.न.पा.७, गोरखा | ९८५६०४०४८० | स्थायी स्थानिय |
| २ | बिनय बाबु कुमाल | सि.अ.हे.ब. (सहायक पाँचौ) | पा.न.पा.७, गोरखा | ९८४६८६६५३३ | स्थायी स्थानिय |
| ३ | बिमला कंडेल कस्यप | सि.अ.न.मि. (सहायक पाँचौ) | पोखरा म.न.पा.१५, कास्की | ९८४६१५५१३२ | स्थायी स्थानिय |
| ४ | राधिका रानाभाट | अ.न.मि.(सहायक चौथो) | पा.न.पा.७, गोरखा | ९८४६९८४९०३ | करार |
| ५ | पंचमाया कुमाल | अ.न.मि. (सहायक चौथो) | पा.न.पा.७, गोरखा | ९८१९१७८८१२ | करार |
| ६ | श्री फुर्वा घले | कार्यालय सहयोगी | पा.न.पा.७, गोरखा | ९८१४१९३४१३ | करार |
| **धुवाँकोट स्वास्थ्य चौकी** | | | | | |
| १ | लक्षमण बाबु श्रेष्ठ | सि.अ.हे.ब. (अधिकृत छैठौ) | पा.न.पा.८, गोरखा | ९८४६०७५३७१ | स्थायी स्थानिय |
| २ | चन्द्र माया श्रेष्ठ | सि.अ.न.मि. (अधिकृत छैठौ) | पा.न.पा.८, गोरखा | ९८४६१४२९४३ | स्थायी स्थानिय |
| ३ | सविना श्रेष्ठ | अ.हे.ब. चौथो | पा.न.पा.७, गोरखा | ९८४६३६८४९९ | स्थायी स्थानिय |
| ४ | लक्ष्मि श्रेष्ठ | अ.न.मि. चौथो | पा.न.पा.८, गोरखा | ९८४५४४२०९० | स्थायी स्थानिय |
| ५ | अम्बिका अधिकारी | का.स. | पा.न.पा.८, गोरखा | ९८०६७९३१०२ | करार |
| **मिरकोट स्वास्थ्य चौकी** | | | | | |
| १ | कालिका चौलागाई | ज.स्वा.नि. (छैटौं) | पा.न.पा.१०, गोरखा | ९८४५६५२६९० | स्थायी स्थानिय |
| ३ | भावना पाण्डे पन्त | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.९, गोरखा | ९८४५२०६२४२ | स्थायी स्थानिय |
| ४ | बिनोद कुमार यादव | अ.हे.ब. (सहायक चौथो) | चक्रघट्टा गा.पा.११, सर्लाही | ९८४४५८४८२० | करार |
| ५ | अनिशा जोशी | अ.न.मी. (सहायक चौथो) | पा.न.पा.६, गोरखा | ९८६१०७७२१६ | करार |
| ६ | टेक बहादुर बि.क. | का.स. | पा.न.पा.९, गोरखा | ९८०८९८२४१४ | करार |
| **ठाँटीपोखरी बर्थिङ सेन्टर** | | | | | |
| १ | सानु देवी जिरेल श्रेष्ठ | सि.अ.न.मि. (छैठौं) | पा.न.पा.५, गोरखा | ९८४३४३९०३२ | स्थायी स्थानीय |
| २ | रमा थापा मगर | अ.हे.ब. (सहायक पाँचौ) | पा.न.पा.५, गोरखा | ९८४६९४७३२५ | स्थायी स्थानीय |
| ३ | गिता श्रेष्ठ | अ.न.मि. (सहायक चौथो) | पा.न.पा.५, गोरखा | ९८४०६४३३८० | करार |
| ४ | शोभा बोगटी | अ.न.मि. (सहायक चौथो) | पा.न.पा.२, गोरखा | ९८४६७८७३२१ | करार |
| ५ | कुसुम थापा मगर | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.८, गोरखा | ९८२९१३२४९८ | करार |
| ६ | रचना पण्डित | कार्यालय सहयोगी | पा.न.पा.५, गोरखा | ९८०८३७५८२३ | करार |
| चापाभञ्ज्याङ शहरी स्वास्थ्य केन्द्र | | | | | |
| १ | हिरामणी देवकोटा | सि.अ.हे.ब. पाँचौ | पा.न.पा.१०, गोरखा | ९८४६७६३८६२ | स्थायी स्थानीय |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ममता श्रेष्ठ | अ.न.मी. (सहायक चौथो) | पा.न.पा.४, गोरखा | ९८४४१८७५५१ | करार |
| ३ | अनिता नेपाली | का.स. | पा.न.पा.२, गोरखा | ९८११८६८००१ | करार |
| | | | डुम्रेडाँडा शहरी स्वास्थ्य केन्द्र | | |
| १ | अर्जुन न्यौपाने | सि.अ.हे.ब. छैठौं | पा.न.पा.४, गोरखा | ९८५६०४६५०५ | स्थायी स्थानिय |
| २ | निर्मला अछामी | अ.न.मि. (सहायक चौथो) | पा.न.पा.४, गोरखा | ९८४९९७८८५५ | स्थायी स्थानीय |
| ३ | दुर्गा देवी देवकोटा | का.स. | पा.न.पा.३, गोरखा | ९८२६२६४०३७ | करार |
| | | | **हवाईग्राउण्ड शहरी स्वास्थ्य केन्द्र** | | |
| १ | सिर्जना राना मगर | सि.अ.न.मि. (पाँचौ) | पा.न.पा.६, गोरखा | ९८४६५७०६२६ | स्थायी स्थानीय |
| २ | बिन्दु रोका | अ.हे.ब. | पा.न.पा.४, गोरखा | ९८०३२१७४३९ | करार |
| ३ | सपना कुमाल | अ.न.मी. (सहायक चौथो) | पा.न.पा.४, गोरखा | ९७६६३९०२८६ | करार |
| ४ | शर्मिला लुइटेल | कार्यालय सहयोगी | पा.न.पा.४, गोरखा | ९८४६७८३०२० | करार |
| | | | **हात्तीगौडा शहरी स्वास्थ्य केन्द्र** | | |
| १ | रमेश खड्का | सि.अ.हे.ब. पाँचौ | पा.न.पा.४, गोरखा | ९८४१७०८००८ | स्थायी स्थानिय |
| २ | सबिना कुमाल | अ.न.मि. | पा.न.पा.७, गोरखा | ९८०६८६८७३७ | करार |
| ३ | सुमित्रा बि.क. | का.स. | पा.न.पा.४, गोरखा | ९८१९१५०९८२ | करार |
| | | | **खत्रीटार शहरी स्वास्थ्य** | | |
| १ | कल्पना देवी त्रिपाठी अधिकारी | सि.अ.न.मि. (छैठौं) | पा.न.पा.७, गोरखा | ९८४६२९५९३३ | स्थायी स्थानिय |
| २ | बिमला कंडेल | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.७, गोरखा | ९८४६६३९०४४ | करार |
| ३ | सुनिता कुमाल | का.स. | पा.न.पा.७, गोरखा | ९८४५०६९७३२ | करार |
| | | | **शेरा सामुदायिक स्वास्थ्य इकाई** | | |
| १ | गंगादत्त सेढाई | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.९, गोरखा | ९८४६१५५०७२ | करार |
| २ | माइती माया लामा | अ.न.मि. (सहायक चौथो) | गो.न.पा.१४, गोरखा | ९८४५९२५०५६ | स्थायी स्थानीय |
| ३ | फुलमाया लामा | का.स. | पा.न.पा.९, गोरखा | ९८१७११२४८३ | करार |
| | | | **कमलटार शहरी स्वास्थ्य** | | |
| १ | रिता थापा | अ.न.मि. (सहायक चौथो) | पा.न.पा.६, गोरखा | ९८६४४६१७१६ | करार |
| २ | सुना मग्राती | अ.हे.ब. (सहायक चौथो) | पा.न.पा.६, गोरखा | ९८१६६८९५१८ | करार |
| ३ | जमुना आले | का.स. | पा.न.पा.६, गोरखा | ९८१९१६२९७४ | करार |
| | | | **आधारभुत स्वास्थ्य केन्द्र (मिरकोट)** | | |
| २ | बिष्णु थापा मगर सारु | अ.न.मी. (सहायक चौथो) | मुसिकोट-२, गुल्मी | ९८६०१८७९२२ | करार |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पार्वती थापा लाय मगर | कार्यालय सहयोगी | पा.न.पा.-१०, मिरकोट | ९८४६९५३४५२ | |
| **आँपपिपल अस्पताल** | | | | | |
| १ | डा. प्रफुल्ल गुरुङ | मेडिकल अधिकृत (आठौं) | पा.न.पा.३ गोरखा | ९८४५४६५२५४ | स्थायी |
| २ | डा.अन्जन नेपाली | मेडिकल अधिकृत (आठौं) | | ९८६६०५६६२७ | छात्रबृत्ति करार |
| ३ | सुजल पौडेल | हेल्थ असिष्टेन्ट (पाँचौ) | अर्घाखाची-६, भुमिकास्थान | ९८६३८३०५८६ | करार |
| ४ | माइकल कुमार यादव | हेल्थ असिष्टेन्ट (पाँचौ) | सम्सी गा.पा.-१, महोत्तरी | ९८११८९४३६५ | करार |
| ५ | स्वस्तिका शर्मा | स्टाफ नर्स (पाँचौ) | पा.न.पा.८, गोरखा | ९८२९१२०९९२ | करार |
| ६ | मनिता श्रेष्ठ | स्टाफ नर्स (पाँचौ) | पा.न.पा.४, गोरखा | ९८०६७६५६३८ | करार |
| ७ | शिला पोखरेल | स्टाफ नर्स (पाँचौ) | पा.न.पा.२, गोरखा | ९८४३८२०६५९ | करार |
| ८ | अनिता पौडेल | ल्याव टेक्निसियन | पा.न.पा.४, गोरखा | ९८४६११२०४९ | करार |
| ९ | सरिता कंडेल | अ.न.मी. (सहायक चौथो) | पा.न.पा.६, गोरखा | ९८४३४४४१०२ | करार |
| १० | बसन्ती न्यौपाने | अ.न.मी. (सहायक चौथो) | लम्कीचुहा-१, कैलाली | ९८४५६५२२०८ | करार |
| ११ | मुना खड्का | ल्याव असिष्टेन्ट (चौथो) | बन्दिपुर गा.पा.१ | ९८६४५३४६१७ | स्थानीय स्थायी |
| १२ | शुसिला चौधरी | अ.हे.अ. (चौथो) | गेरुवा गा.पा.२, बर्दिया | ९८१९५४१७०१ | स्थानीय स्थायी |
| १३ | अनिशा शाही | रेडियोग्राफर (सहायक पाँचौ) | गुल्मी | ९८६७८९९७८५ | स्थानीय स्थायी |
| १४ | कुशल अधिकारी | डार्क रुम असिष्टेन्ट (चौथो) | गण्डकी गा.पा.३, गोरखा | ९८१३४३२३९७ | करार |

**COENC कार्यक्रम**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रिति गुरुङ | स्टाफ नर्स (पाँचौ) | भानु न.पा.३, गोरखा | ९८४०६६११७५ | करार |

### ङ) निकायबाट प्रदान गरिने सेवा

पालुङटार नगरपालिका नगरपालिकाको कार्यपालिकाको कार्यालयमा रहेका विभिन्न विषयगत शाखाहरु, यस मातहतका वडा कार्यालयका साथै स्वास्थ्य संस्थाहरु यस कार्यालयका प्रम्रुख सेवा प्रदायक इकाइहरु हुन । फरक सेवा प्रदायकहरुका फरक जिम्मेवारी रहेको सन्दर्भमा यस कार्यालयवाट प्रवाह हुने प्रमुख सेवाहरु निम्नानुसारका रहेका छन ।

- साना एवं मझौला प्रकृतिका सडक पूर्वाधार, नहर, कुलो लगायतका सिंचाइ पूर्वाधार, खानेपानी पूर्वाधार, जलउत्पन्न प्रकोप नियन्त्रण, जलाधार व्यवस्थापन लगायतका विभिन्न भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गर्ने ।

- विद्यालय शिक्षाको व्यवस्थापनका लागि विविध गतिविधिहरु सञ्चालन गर्ने ।
- युवाहरुलाई सामाजिक परिचालन, खेलकुद, सांस्कृतिक कार्यक्रमहरु लगायतका विविध गतिविधिहरुमा संलग्न गराइ उनीहरुको विकासका लागि सकरात्मक पहल र प्रयत्न गर्ने ।
- विभिन्न खेलकुद गतिविधिहरुको सञ्चालन मार्फत खेलकुदको विकासमा सकरात्मक योगदान पुर्याउने ।
- उद्यमशिलताको विकास मार्फत साना तथा मझौला प्रकृतिका उद्योगहरुको विकास तथा प्रवर्द्धन गर्ने ।
- वेरोजगार नागरिकहरुलाई निर्माण कार्यमा संलग्न गराई रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाती, अल्पसंख्यक समुदायहरुको सशक्तिकरण मार्फत सामाजिक न्यायको प्रवर्द्धन गर्ने ।
- कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरणका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नागरिकहरुको आधारभूत स्वास्थ्यमा पहुँचको सुनिश्चितता गर्ने ।
- नगरवासी नागरिकहरुलाई विभिन्न सिफारिसहरु प्रदान गर्ने ।
- मेलमिलाप मार्फत न्यायिक समितिका अधिकारक्षेत्रका विवादहरुको निरोपण गर्ने ।

### च) सेवा गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | शाखा/संस्था | जिम्मेवार अधिकारीको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन शाखा | निर्मला पन्त | अधिकृत साँतौं | |
| २ | आर्थिक प्रशासन शाखा | सुवन शर्मा | अधिकृत साँतौं | |
| ३ | योजना शाखा | दिपेन्द्र अर्याल | अधिकृत छैठौं | |
| ४ | भौतिक पूर्वाधार बिकास शाखा | सन्दिप मरहट्टा | अधिकृत साँतौं | |
| ५ | सूचना प्रबिधि शाखा | अशोक कुमार श्रेष्ठ | अधिकृत छैठौं | |
| ६ | शिक्षा शाखा | माधव पोखरेल | शाखा अधिकृत (आठौं) | |
| ७ | राजश्व शाखा | सरोज थापा | सहायक पाँचौ | |
| ८ | जिन्सी शाखा | टुक प्रसाद पौडेल | अधिकृत छैठौं | |
| ९ | रोजगार सेवा केन्द्र | कल्पना के.शी. | रोजगार संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| १० | सा.सु. तथा पञ्जिकरण शाखा | सरोज थापा मगर | एम आइ एस अपरेटर | |
| ११ | मेड्पा कार्यक्रम | रामजनम चौधरी | उद्यम बिकास सहजकर्ता | |
| १२ | स्वास्थ्य शाखा | सृजना पोखरेल | अधिकृत साँतौं | |
| १३ | पशु सेवा शाखा | राम प्रसाद देवकोटा | अधिकृत छैठौं | |
| १४ | कृषि बिकास शाखा | शर्मिला ढकाल | कृषि स्नातक | |
| १५ | वडा नं. १ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | |
| १६ | वडा नं.२ | कृष्ण बहादुर थापा | वडा अध्यक्ष | |
| १७ | वडा नं. ३ | रेशम बहादुर अधिकारी | वडा अध्यक्ष | |
| १८ | वडा नं. ४ | मान बहादुर पौडेल | वडा अध्यक्ष | |
| १९ | वडा नं. ५ | दिपक पाण्डे | वडा अध्यक्ष | |
| २० | वडा नं. ६ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | |
| २१ | वडा नं. ७ | अर्जुन कुमाल | वडा अध्यक्ष | |
| २२ | वडा नं. ८ | होप बहादुर नेपाली | वडा अध्यक्ष | |
| २३ | वडा नं. ९ | भेजराज पाण्डे | वडा अध्यक्ष | |
| २४ | वडा नं. १० | रिखिराज धौराली | वडा अध्यक्ष | |

## छ) सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

सेवा प्रदान गर्दा लाग्ने दस्तुर र अवधि यस कार्यालयको नागरिक वडापत्रमा उल्लेख गरिएको छ जुन कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा समेत उपलब्ध रहेको छ।

## ज) निर्णय गर्ने प्रक्रिया र अधिकारी

कार्यालयले निर्णयका सम्वन्धमा अवलम्वन गर्ने प्रक्रिया प्रचलित कानूनले निर्दिष्ट गरेवमोजिम रहेका छन । प्रशासनिक प्रकृतिका निर्णयहरु प्रशासनिक निकायबाट निर्णय गरिन्छ भने नीतिगत एवं रणनीतिगत प्रकृतिका निर्णयहरुका सन्दर्भमा कार्यपालिका एवं नगरसभामार्फत निर्णय लिइन्छ।

## झ) निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयका काम कारवाहीहरुका सम्वन्धमा गुनासो सुन्नका लागि कार्यालयले गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको छ भने प्रशासनिक प्रकृतिका निर्णयहरुको उजुरी प्रमुख प्रशासकीय

अधिकृत मार्फत, प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधिहरुले गरेका निर्णयहरुको उजुरी नगर प्रमुख वा नगर उपप्रमुख मार्फत, नगर प्रमुखका निर्णयहरु कार्यपालिका वा नगर सभा मार्फत, कार्यपालिकाका निर्णयहरुको उजुरी नगरसभा मार्फत र न्यायिक समितिले गरेका निर्णयहरु जिल्ला अदालत मार्फत उजुरी गर्न सकिने व्यवस्था रहेको छ ।

**ञ) सम्पादन गरेको कामको विवरण**

**१) डडेलधुरा एवं बझाङबाट आएका जनप्रतिनिधिहरुसँग छलफल**



यही २०८० कार्तिक २३ गते सुदुरपश्चिम प्रदेश अन्तरगतका डडेलधुरा एवं बझाङ जिल्लाबाट आउनुभएका जनप्रतिनिधिहरु सहितको प्रतिनिधिमण्डलसँग पालुङटार नगरपालिकाको समूहको भेट तथा छलफल सम्पन्न भएको छ । नेपालको पश्चिमाञ्चल क्षेत्रमा सहरी र भूकम्पको पूर्वतयारी एवं प्रतिकार्य क्षमता सुदृढीकरण परियोजनाको सहयोगमा भएको उक्त भ्रमण कार्यक्रममा जयपृथ्वी नगरपालिका बझाङका नगर प्रमुख श्री चेतराज बझालको नेतृत्व एवं अमरगढी नगरपालिका डडेलधुराका नगर उपप्रमुख श्री पार्वती झुकालको नेतृत्वका जनप्रतिनिधिहरु, रेडक्रसका कर्मचारीहरु एवं संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका इन्जिनियर सहितको सहभागिता रहेको थियो । उक्त भेटघाट एवं छलफल कार्यक्रममा २०७२ को भूकम्पको उद्दार, राहत एवं पुनर्लाभ, विपद पूर्वतयारी एवं पूनर्लाभको स्थिति, पालिकाहरुमा भएका

सम्भाव्य विपद जोखिमको स्थिति, स्थानीय स्तरमा भएका सेवा प्रवाह एवं विकास व्यवस्थापनका सम्वन्धमा अनुभव आदनप्रदान भएको थियो ।

**२) उत्तर प्रसुती घरभेट कार्यक्रमको समीक्षा**

मिति २०८० कार्तिक २३ गते पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा शाखाद्वारा गत आर्थिक वर्षमा सम्पन्न उत्तर प्रसुती घरभेट कार्यक्रमको समीक्षा कार्यक्रम सम्पन्न भएको छ । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख श्री विवस चिन्तन, नगर उपप्रमुख श्री बन्दना पाण्डे, जनस्वास्थ्य अधिकृत श्री सृजना पोखरेल, स्वास्थ्य कार्यालय गोरखाका सि. अ.न.मी.| निरीक्षक श्री सुकमेल बराल लगायतले मन्तव्य राख्नु भएको थियो । शाखाको तर्फबाट समग्र कार्यक्रमको प्रगति स्टाफ नर्स श्री गोमा श्रेष्ठले राख्नु भएको उक्त कार्यक्रममा सम्पूर्ण स्वास्थ्य संस्थाहरुका तर्फबाट आफ्ना प्रगति विवरण प्रस्तुत गरिएको थियो । गत आर्थिक वर्षमा उक्त शाखाद्वारा सम्पादित कार्यहरुमध्ये सशर्ततर्फ ९३.५ प्रतिशतका साथै पालिकाको बजेटबाट ४३.६ प्रतिशत प्रगति हासिल गरिएको जानकारी उक्त कार्यक्रममा दिइएको थियो ।

**३) सामुदायिक एवं घरपालुवा कुकुरको निशुल्क बन्ध्याकरण शिविर**



भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गोरखा तथा पशु सेवा शाखा पालुङटार नगरपालिकाको संयुक्त आयोजनामा यही मिति २०८० कार्तिक २३ गतेका दिन पालुङटार नगरपालिका वडा नं ४ वाह्रपिर्केमा सामुदायिक एवं घरपालुवा कुकुरको वन्ध्याकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमबाट जम्मा ९७ वटा कुकुरको वन्ध्याकरण भएको थियो ।

### ४) क्रप कटिङ कार्य सम्पन्न

पालुङटार नगरपालिकामा धान वालीको उत्पादकत्व मापन गर्ने उद्देश्यका साथ नगरपालिकाको कृषि शाखाको आयोजनामा क्रप कटिङ कार्य सम्पन्न भएको छ। नगरपालिका अन्तरगतका



१० वटा वडाका १६ जना किसानहरुको धानखेतमा गरिएको उक्त कार्यबाट नगरपालिकाको धानको उत्पादकत्व ५.६७ देखिएको छ जुन राष्ट्रिय उत्पादकत्वको तुलनामा राम्रो हो। सो क्रममा राम धान, सावित्री धान, यु एस ३१२, सुख्खा धान र शंकर धानको नमूना मार्फत क्रप कटिङ कार्य गरिएको थियो।

### ५) अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

मिति २०८० कार्तिक २४ गते शुक्रवारका दिन पालुङटार नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा श्री भवानी मा वि ठाँटीपोखरीको प्राङ्गणमा नगरपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ। श्री भवानी मा वि का प्रधानाध्यापक श्री ओजराज गिरीको अध्यक्षता, नगर प्रमुख श्री विवश चिन्तन, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री माधव पोखरेल, भवानी मा वि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री प्रेम गुरुङ सहित अन्य शिक्षाप्रेमी, बुद्धिजिवीहरु, शिक्षक, कर्मचारी एवं



विद्यार्थीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा आधारभूत तहतर्फ सहभागी भएका २१ विद्यालयबाट श्री मदने डाँडा मा वि प्रथम, श्री भवानी मा वि द्वितीय, श्री डुम्रे आ वि तृतीय तथा

श्री मिरकोट मा वि सान्त्वना हुन सफल भएका थिए। यसैगरी माध्यामिक तहतर्फ ससहभागी भएका १५ विद्यालयबाट श्री मदने डाँडा मा वि प्रथम, श्री अमरज्योति जनता मा वि द्वितीय, श्री युनाईटेड इङ्लिस बोर्डिङ स्कूल तृतीय तथा श्री भवानी मा वि सान्त्वना भएका थिए।

**६) राष्ट्रिय उद्दार यात्रा २०८० को अभियान टीम पालुङटारमा**

"यस वर्षको चाडपर्व कसैले वस्नु नपरोस सडकमा" भन्ने नाराका साथ मानव सेवा आश्रमले शुरु गरेको मेचीमहाकाली अभियान समूह यही मिति २०८० कार्तिक २४ गते शुक्रवारका दिन पालुङटार नगरपालिकामा आई एक कार्यक्रम सम्पन्न गरेको छ। आश्रमका केन्द्रीय अध्यक्ष श्री रामजी अधिकारीले नेतृत्व गर्नु भएको अभियान टोलीलाई नगर प्रमुख, उपप्रमुख सहित जनप्रतिनिधिहरु एवं कर्मचारीहरुले नगरपालिकाको सभा हलमा एक कार्यक्रमका विच स्वागत गरिएको थियो। कार्यक्रमको दोश्रो चरणमा श्री रामजी अधिकारीद्वारा सहभागीहरुलाई तनाव व्यवस्थापन सम्वन्धी प्रशिक्षण समेत प्रदान गरिएको थियो।



**७) लैङ्गिक हिंसा विरुद्वको १६ दिने अभियान सम्पन्न**



"लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र बालबालिकामा लगानीको ऐक्यवद्वता" भन्ने मूल नाराका साथ विश्वव्यापी रुपमा मनाईएको लैङ्गिक हिंसा विरुद्वको १६ दिने अभियान

मंसिर ९ देखि २४ सम्म पालुङ्टार नगरपालिकामा समेत मनाईएको छ । उक्त अभियानको सुरुवात नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा २०८० मंसिर ९ गते नगरपालिकाको सभाहलमा एक अन्तरक्रिया कार्यक्रमका विच गरिएको थियो। नगर उपप्रमुख तथा न्यायिक समितिका संयोजक श्री बन्दना पाण्डेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा नगर प्रमुख श्री विवस चिन्तन, जिल्ला न्यायाधिश मा तेजेन्द्र प्रसाद शर्मा, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, ठाँटीपोखरी इलाका प्रहरी कार्यालयका इन्चार्ज प्रहरी निरीक्षक श्री सुरेन्द्र तामाङ, वडा अध्यक्षहरु, महिला जनप्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, महिला स्वास्थ्य स्वयंसेविकाहरु, मनोसामाजिक परामर्शकर्ताहरु एवं कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा मा जिल्ला न्यायाधिश तेजेन्द्र प्रसाद शर्मा, प्रहरी निरीक्षक श्री सुरेन्द्र तामाङ, मनोसामाजिक परामर्शकर्ताहरु श्री विपिन घिमिरे एवं श्री कमल प्रसाद पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

उक्त अभियानका सन्दर्भमा वडा कार्यालयहरुले आफ्नो अनुकुलतामा विविध कार्यक्रम सञ्चालन गरिएको थियो भने शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा मंसिर २२ गते शुक्रवारका दिन वडा नं ९ स्थित त्रिवेणी मा वि मा नगरपालिका स्तरीय "महिला हिंसा न्यूनीकरणमा विद्यार्थीको भूमिका" विषयक अन्तर मा वि बक्तृत्वकला प्रतियोगिता आयोजना गरिएको थियो । उक्त कार्यक्रममा युनाईटेड बोर्डिङ स्कूलका सन्ध्या घिमिरे प्रथम, त्रिवेणी मा वि का सिमाना लामा द्वितीय, मदनेडाँडा मा वि का प्रकृति पन्थ तृतीय तथा अन्नपूर्ण मा वि का स्रष्टा सुनारले सान्त्वना स्थान हासिल गर्नु भएको थियो ।

उक्त अभियानको अन्तिम दिनका सन्दर्भमा नगरपालिकाको सभाहलमा मिति २०८० मंसिर २४ गते आईतवारका दिन  एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । नगर उपप्रमुख श्री बन्दना पाण्डेको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख विवस चिन्तन, जिल्ला समन्वय समिति उपप्रमुख श्री लिला परियार,  प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसाल, जिल्ला न्यायाधिवक्ता श्री सुरेन्द्रराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, महिला वडा सदस्यहरु, इलाका प्रहरी कार्यालय ठाँटीपोखरीका प्रहरी निरीक्षक श्री सुरेन्द्र तामाङ, राजनीतिक दलका महिला प्रतिनिधिहरु,

महिला सहकारीका प्रतिनिधिहरु, आमा समूहका प्रतिनिधिहरु, महिला कर्मचारीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा नगर उपप्रमुख श्री बन्दना पाण्डेले नगरपालिकाले तयार गरेको लैङ्गिक समानता तथा सामाजिक समाशीकरण नीति प्रस्तुत गर्नु भएको थियो भने प्रमुख जिल्ला अधिकारी एवं जिल्ला न्यायाधिवक्ताहरुले समेत कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

**८) प्रत्येक वडामा मेलमिलाप केन्द्रको स्थापना**

नगरपालिका अन्तरगत रहेका न्यायिक समितिका गतिविधिहरुलाई नागरिकको नजिकको निकाय सम्म विकेन्द्रित गर्ने उद्देश्य सहित नगरपालिकाका सम्पूर्ण वडाहरुमा मेलमिलाप केन्द्रको स्थापना गरिएको छ । नगरपालिकामा सूचिकृत कुल २० जना  मेलमिलापकर्ताहरु मार्फत



मेलमिलाप कार्यलाई व्यवस्थित गर्ने उद्देश्य सहित तालिम प्राप्त मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिम प्रदान गरे पश्चात छुट्टाछुट्टै कार्यक्रमका विच उक्त केन्द्रको स्थापना गरिएको हो । उक्त कार्यक्रममा नगर प्रमुख, नगर उपप्रमुख, न्यायिक समितिका सदस्यहरु, कानुनी सल्लाहकार श्री अञ्जु धिताल, प्रमुख प्रशासकीय अधिकृत सहित वडाका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । सुरुवाती अवस्थामा निरन्तरको सहयोग पश्चात मेलमिलाप सम्वन्धी कार्य थप व्यवस्थित हुने अपेक्षा कार्यालयले राखेको छ ।

**९) किसान सञ्जाल गठन**



पालुङटार नगरपालिका कृषि शाखाको आयोजनामा नगरपालिकाका सम्पूर्ण वडाहरुमा छुट्टाछुट्टै कार्यक्रमका विच कृषकहरुको भेलाबाट कृषक सञ्जालको गठन गरिएको छ । कृषकहरुका विच

कृषि प्रसारका कार्यहरुलाई व्यवस्थित तुल्याउने, आपसी अनुभव आदान प्रदान गर्ने एवं कृषि सम्वन्धी विविध कार्यक्रमहरुलाई समन्वयात्मक ढंगले अगाडि वढाउने उद्देश्यले प्रत्येक वडामा गठित कृषकहरुको सञ्लाललाई व्यवस्थित ढंगले अगाडि वढाउने लक्ष्य नगरपालिकाले लिएको छ । किसानका विविध  समस्याहरुको उठान सहित अन्तरक्रियात्मक  रुपमा सञ्चालित उक्त कार्यक्रममा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख  प्रशासकीय अधिकृत, कृषि एवं पशु शाखाका कर्मचारीहरु सहित वडाका जनप्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यालयले छिट्टै नगरस्तरीय कृषक सञ्जाल गठन गरी कृषि तथा पशु शाखाका कार्यक्रमहरुलाई उक्त सञ्जाल मार्फत व्यवस्थित तुल्याउने सोच  वनाएको छ ।

### १०) वाल तथा वाल क्लवको गठन भेला

वि सं २०८३ असार मसान्त भित्रमा पालुङटार नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रम अन्तरगत शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा अभियानात्मक रुपमा नगरपालिकाका सम्पूर्ण वडाहरुमा वाल भेलाका कार्यक्रम सम्पन्न भएको छ । उक्त वाल भेलाले



वडा स्तरीय वाल क्लवको  गठन गरेको छ । छुट्टाछुट्टै वडाहरुमा विद्यालयहरुको अनुकुलतामा कतै झाँकी, कतै  प्लेकार्ड सहितको र्याली   लगायतका विविध कार्यक्रमका साथ सम्पन्न उक्त भेलामा नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सहित शाखाका कर्मचारीहरु, विद्यालयका प्रधानाध्यापक सहित शिक्षक, कर्मचारी  एवं विद्यार्थीहरुको उपस्थिति रहेको थियो । यस  अघि प्रत्येक वडामा  वाल संरक्षण

समिति तथा बालमैत्री शासन कार्यान्वयन समिति गठन गरिएको थियो । नगरपालिकाले वालमैत्री शासनलाई प्रमुख रणनीतिको रुपमा लिई विभिन्न कार्यक्रमहरु समन्वयात्मक ढंगले सञ्चालन गरेको छ भने यही रणनीतिलाई पूरा गर्नको लागि यस वर्षको हिउँदे सभाले समेत थप वजेटको व्यवस्था गरेको छ।

**११) स्वआर्जन कोषका ऋणीहरुको ऋण उठाउने अभियान सम्पन्न**

नगरपालिकाद्वारा उद्यमी एवं व्यवसायीहरुका लागि सहुलियत दरमा ऋण प्रदान गर्ने उद्देश्यले लगानी गरी असुल हुन नसकेको ऋण रकम असुल उपर गर्ने उद्देश्य सहित नगरपालिकाले ऋण प्रवाह भएका उद्यमीहरुसँग छलफल गरेको छ । अभियानात्मक रुपमा नगरपालिकाका सम्पूर्ण वडा कार्यालयमा नगरप्रमुख, उपप्रमुख सहित जनप्रतिनिधिहरु एवं कर्मचारीहरुको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा ऋणीहरुलाई ऋण असुली प्रकृयामा आवश्यक सहयोग गर्न एवं समयमा उक्त कार्य सम्पन्न नगरेको खण्डमा थप कारवाही प्रकृया अगाडि वढाइने सम्वन्धमा जानकारी प्रदान गरिएको थियो । उक्त अभियान पश्चात केहि ऋणीहरुवाट किस्ताहरु नियमित रुपमा बुझाउने प्रकृया शुरु भएको छ। विभिन्न मितिमा विविध व्यवसायिक गतिविधिहरु सञ्चालनका लागि २ प्रतिशतको व्याजदर सहित लगानी गरिएको ठूलो रकम असुल हुन नसकि जटिल समस्याको रुपमा देखिए पश्चात नगरपालिकाद्वारा उक्त अभियान सञ्चालन गरिएको हो।




**१२) सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न**

पालुङटार नगरपालिकाको प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम यही मिति २०८० मंसिर १५ गते शुक्रवारका दिन वडा नं ७ स्थित वडा कार्यालय परिसरमा वडा नं ७ का अध्यक्ष श्री अर्जुन बहादुर कुमालको अध्यक्षतामा सम्पन्न भएको छ। रेडियो पालुङटारका सञ्चारकर्मी श्री राजेश पौडेल र श्री सुजन न्यौपानेले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारीका साथै विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । सो अवसरमा नागरिकहरुद्वारा उठाइएका सवालहरुका सम्वन्धमा

जनप्रतिनिधिहरु एवं कर्मचारीहरुद्वारा जवाफदेहि वक्ताका रुपमा आफ्ना धारणाहरु राख्नुभएको थियो । उक्त कार्यक्रममा नागरिकहरुद्वारा स्थानीय विकास व्यवस्थापन एवं सेवा प्रवाहका




**१३) सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका दिवसका सन्दर्भमा हाजिरी जवाफ कार्यक्रम सञ्चालन**

बीसौं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा मिति २०८० मंसिर १९ गते मंगलबारका दिन पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा "स्वास्थ्य क्षेत्रमा दिगो विकास, महिला स्वास्थ्य स्वयंसेविकाको संयुक्त प्रयास" भन्ने राष्ट्रव्यापी मूल नाराका



साथ हाजिरी जवाफ प्रतियोगिता नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ । प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख श्री विवस चिन्तन, वडा नं ९ का अध्यक्ष एवं सामाजिक विकास समितिका संयोजक श्री भेजराज पाण्डे, स्वास्थ्य संयोजक श्री सृजना पोखरेल, सम्पूर्ण स्वास्थ्य संस्थाका प्रमुखहरु र स्वास्थ्य

संस्था अन्तरगतका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो । आठ स्वास्थ्य संस्थाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले सहभागिता जनाउनु भएको उक्त प्रतियोगितामा लिगलिग बडडाँडा प्रथम, च्याङ्ली द्वितीय एवं आँपपिपलले तृतीय स्थान हासिल गरेको थियो । पुरस्कृत समूहलाई नगद पुरस्कार एवं प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

**१४) सुरक्षित आप्रवासन कार्यक्रमका सम्वन्धमा नगरसभा सदस्यहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न**

नगरपालिकामा सञ्चालित सुरक्षित आप्रवासन कार्यक्रमका सम्वन्धमा कार्यपालिका सदस्यहरु वाहेकका नगरसभा सदस्यहरुका लागि एक दिने अभिमुखीकरण कार्यक्रम पालुङटार नगरपालिकाको वडा नं ४ को कार्यालय भवनमा यही मंसिर २९ गते सम्पन्न भएको छ । उक्त कार्यक्रममा सुरक्षित आप्रवास कार्यक्रमको लक्ष्य, उद्देश्य एवं उक्त कार्यक्रमका क्रममा सञ्चालित गतिविधिहरुका सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी तथा उक्त कार्यक्रमका जिल्ला संयोजक श्री चन्द्र देवकोटाले सहजीकरण गर्नुभएको थियो ।




**१५) जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्डमा पालुङटार नगरपालिका दोश्रो स्थानमा**



यही पुष ६ देखि ८ गते सम्म गोरखा वजारमा सम्पन्न एघारौं जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तरगत सञ्चालित छात्र तथा छात्रा तर्फको विभिन्न खेलकुद प्रतियोगितामा पालुङटार

नगरपालिका दोश्रो हुन सफल रहेको छ । ८ स्वर्ण, ३ रजत तथा ४ काश्य गरी कुल १५ पदक सहित पालुङटार नगरपालिका दोश्रो हुँदा ९ स्वर्ण, ५ रजत तथा २ काश्य सहित कुल १५ पदकका साथ सिरानचोक गाउँपालिका प्रथम भएको थियो । उक्त प्रतियोगितामा पालुङटार नगरपालिकाका कुल ४७ जना छात्र तथा छात्राहरुको सहभागिता रहेको थियो ।

यस अघि मंसिर २६, २७ र २८ गते ठाँटीपोखरी स्थित माझाटार खेलमैदानमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजना तथा श्री अमर ज्योति जनता मा वि को संयोजनमा नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा जीवनज्योति मा वि विरुवाटार प्रथम भएको थियो । उक्त विद्यालयले ६ स्वर्ण, १ रजत र ७ कास्य गरी कुल १४ पदक प्राप्त गरेको थियो भने अमरज्योति जनता मा वि लुइटेलले ५ स्वर्ण, १० रजत र ४ कास्य गरी कुल १९ पदक सहित दोश्रो तथा रजगरे मा वि ले ५ स्वर्ण, २ रजत र ३ कास्य गरी कुल १० पदक सहित तेश्रो स्थान हासिल गरेको थियो । उक्त प्रतियोगिताका विजयी छात्रछात्राहरुलाई एक समारोहका विच नगर प्रमुख तथा उपप्रमुखले टीका, प्रमाणपत्र तथा मेडल प्रदान गर्नु भएको थियो ।

**१६) निशुल्क आयुर्वेद स्वास्थ्य शिविर एवं आँखा जाँच कार्यक्रम सञ्चालन**



आयुर्वेद उपचार सेवा पद्वतिलाई नगरपालिकाको प्रत्येक नागरिकको घर घरमा पुर्याउने उद्देश्यका साथ नगरपालिकाको आयुर्वेद शाखाको आयोजनामा वडा स्तरीय घुम्ती आयुर्वेद स्वास्थ्य शिविर सञ्चालन भईरहेको छ । उक्त कार्यक्रम अन्तरगत मिति २०८० मंसिर २६ गते वडा नं १ को कार्यालयमा, मंसिर २९ गते वडा नं २, पुष १७ गते वडा नं ३ एवं पुष २३ गते वडा नं ८ मा

उक्त शिविर कार्यक्रम सञ्चालन गरिएको थियो। सो क्रममा वडा नं १ मा १४६ जना, वडा नं २ मा १४१ जना, वडा नं ३ मा १३६ जना तथा वडा नं ८ मा ३१५ जनाले सेवा प्राप्त गर्नु भएको थियो । सोही कार्यक्रममा पालुङटार आँखा उपचार केन्द्रबाट आँखाको जाँच समेत सम्पन्न भएको थियो । उक्त शिविरहरुमा अधिकांश सेवाग्राही वातजन्य रोगका थिए भने मधुमेह, अम्लपित्त, त्वक विकार, स्वसन विकार, उदर रोग, पायल्स, स्त्री रोगका विरामीहरुले समेत सेवा लिएका थिए। आयुर्वेद शाखा प्रमुख श्री हितकाजी श्रेष्ठको नेतृत्वमा भएको शिविर कार्यक्रममा वैद्य निरीक्षक श्री वसन्त घिमिरे, राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र गोरखाका वैद्य श्री विष्णु प्रसाद रेग्मी, आँखा उपचार केन्द्रका नेत्र सहायकद्वय श्री रक्षा कुँवर र संगिता श्रेष्ठ, सामुदायियक महिला स्वास्थ्य स्वयंसेविकाहरु सहित जनप्रतिनिधहरुको उपस्थिति रहेको थियो। आगामी दिनमा सोही प्रकृतिको कार्यक्रम पालिकाका अन्य वडाहरुमा समेत क्रमशः सञ्चालन गरिने योजना रहेको छ।

**१७) महिलाहरुका लागि निशुल्क पाठेघरको मुखको क्यान्सरको जाँच शिविर सञ्चालन**

स्वास्थ्य कार्यालय गोरखाको आयोजना तथा पालुङटार नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा महिलाहरुको लागि निशुल्क पाठेघरको मुखको क्यान्सरको जाँच साथै लामो




अवधिको परिवार नियोजन साधनको शिविर यही मिति २०८० मंसिर २७ गते बुधवारका दिन पालुङटार नगरपालिका वडा नं १ को वडा कार्यालयमा सम्पन्न भयो। नगर उपप्रमुख श्री वन्दना पाण्डे, वडा अध्यक्ष श्री कृष्ण वहादुर परियार सहित कर्मचारीहरुको उपस्थिति रहेको उक्त शिविरमा ७३ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच गरिएको थियो जसमा ३ जना

महिलाहरुमा पाठेघरको मुखको क्यान्सरको शंकास्पद लक्षण देखिएको थियो । उक्त कार्यक्रममा २३ जना महिलाहरुले परिवार नियोजन सेवाबाट लाभान्वित समेत हुनु भएको थियो ।

**१८) क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण**

गत आ व मा क्षयरोग न्यूनीकरणमा गरिएका गतिविधिहरुको समीक्षाका साथ पालुङटार नगरपालिकाको क्षयरोग कार्यक्रमको वार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्य सम्पन्न भएको



छ । नगर प्रमुख श्री विवस चिन्तन, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, स्वास्थ्य कार्यालय गोरखाका क्षयरोग सम्पर्क व्यक्ति श्री नरजंग ठकुरी, सामाजिक विकास समितिका संयोजक तथा वडा नं ९ का अध्यक्ष श्री भेजराज पाण्डेको उपस्थितिमा भएको उक्त कार्यक्रममा सम्पूर्ण स्वास्थ्य चौकी तथा कोटगढी आधारभूत स्वास्थ्य केन्द्रले आफ्नो प्रस्तुति राख्नु भएको थियो । समीक्षा अवधिमा कुल २५ जना क्षयरोगका विरामीहरु रहेको यस पालिकामा गत आ व मा मात्र ५ जना नयाँ विरामीहरुको पहिचान भएको थियो भने नगरपालिकालाई क्षयरोगमुक्त पालिका घोषणाका लागि यसै आर्थिक वर्ष देखि पालिकामा व्यवस्थित कार्यक्रमको सुरुवात समेत भएको छ ।

**१९) माटो परीक्षण कार्य सम्पन्न**




नगरपालिकाको कृषि विकास शाखाको स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत नगरपालिकाका दश वटै वडाका कृषकहरुको नमूना माटो संकलन गरी सो को परीक्षण कार्य सम्पन्न भएको छ । कृषि प्राविधिकहरुको उपस्थितिमा टोल एवं

वस्तीहरुमा पुगी जि पि एस प्रयोग गरी डिजिटल माटो नक्सा (डि एस एम) अद्यावधिकको लागि माटोको नमूना संकलन कार्य भएको थियो। तत्पश्चात पुष महिनाको २४ र २५ गते माटो परीक्षण कार्य सम्पन्न भएको छ भने समस्या देखिएका माटोको लागि कृषि चुना वितरण गर्ने कार्यक्रम समेत उक्त शाखाको रहेको छ। उक्त कार्यक्रममा ३९८ किसानका माटो परीक्षण कार्य सम्पन्न भएको छ।

**२०) चौधौं नगरसभा सम्पन्न**



मिति २०८० पौष २५ गते बुधवारका दिन नगरपालिकाको सभाहलमा पालुङटार नगरपालिकाको चौधौं नगरसभा सम्पन्न भएको छ। उक्त कार्यक्रममा नगर प्रमुखले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रमको अर्धवार्षिक समीक्षा, नगर उपप्रमुखले प्रस्तुत गर्नु भएको विनियोजन ऐनको संशोधन प्रस्ताव, नगर उपप्रमुखले नै प्रस्तुत गर्नु भएको अनुगमन समिति तथा न्यायिक समितिको प्रतिवेदन नगरसभा सदस्यहरुको सुझाव सहित पारित भएको छ । उक्त कार्यक्रममा नगर सभा सदस्यहरुले सेवा प्रवाहका साथै समग्र विकास गतिविधिका सन्दर्भमा नगरपालिकाको ध्यानाकर्षण गराउनुका साथै यस खालका गतिविधिहरुलाई थप व्यवस्थित एवं प्रभावकारी तुल्याउनका लागि सुझाव समेत प्रस्तुत गर्नुभएको थियो । उक्त सभाद्वारा विभिन्न श्रोतवाट प्राप्त रु आठ करोड पैंतिस लाख रुपैंया पुरक वजेटको रुपमा विभिन्न शिर्षकहरुमा विनियोजन गरिएको थियो । उक्त कार्यक्रममा प्रस्तुत प्रतिवेदन अनुसार नगरपालिकाले हाल सम्म विनियोजित बजेटको कूल ३२.४६ प्रतिशत रकम खर्च भएको देखिएको छ।

### २१) विभिन्न योजनाहरुको अनुगमन कार्य सम्पन्न

नगरपालिकामा सञ्चालित विभिन्न पूर्वाधार आयोजनाहरुको अनुगमन कार्य तीव्र रुपमा सञ्चालन भइरहेको छ । सञ्चालित आयोजनाहरु पूर्वनिर्धारित समय एवं गुणस्तरमा सञ्चालन होस भन्ने उद्देश्यले नगर उपप्रमुखको नेतृत्वमा उक्त आयोजनाहरुको नियमित एवं व्यवस्थित अनुगमन कार्य जारी रहेको छ । अनुगमन समितिका सदस्यहरु भेजराज पाण्डे, दिपक पाण्डे सहित पूर्वाधार शाखाका प्रमुख सन्दिप मरहट्टा एवं सम्वन्धित आयोजना हेर्ने प्राविधिक सहितको उपस्थितिमा नियमित रुपमा उक्त कार्य सम्पन्न भईरहेका छन । अनुगमनका क्रममा देखिएका कैफियतहरुका सम्वन्धमा स्थलगत रुपमा नै छलफल गरी आवश्यक सुझावहरु प्रदान गरिंदा आयोजनाहरुको गुणस्तरीयतामा सकरात्मक सुधारको अनुभुति समेत भएको छ ।



## ट) सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारीः श्री माधव पोखरेल, शिक्षा अधिकृत, अधिकृतस्तर आठौं तह

कार्यालय प्रमुखः श्री गौतम भण्डारी, प्रमुख प्रशासकीय अधिकृत

## ठ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि

संघ एवं प्रदेशका विभिन्न कानुनका साथै नगरसभा एवं कार्यपालिका आफैद्वारा निर्मित कानूनहरु समेतका आधारमा नगरपालिका संचालित हुन्छ । नगरपालिकाद्वारा पारित विभिन्न ऐन, नियमावली एवं कार्यविधिहरुको विस्तृत विवरण कार्यालयको वेभसाइटमा उपलब्ध रहेको छ ।




Link: https://palungtarmun.gov.np/np/page/gazette

## ड) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण

चालु आर्थिक वर्षको दोश्रो त्रैमासिकमा जम्मा संघिय सरकार/प्रदेश सरकारवाट समानिकरण अनुदान र सशर्त अनुदान गरि जम्मा रु. १७,१९,२९,२९०/- (अक्षरुपी सत्र करोड उन्नाईस लाख उनन्तिस हजार दुई सय नब्बे मात्र) र राजश्व वाडफाड सघिय सरकार / प्रदेश सरकारवाट जम्मा रु. २,७५,९५,०७४/- (अक्षरुपी दुई करोड पचहत्तर लाख पन्चानब्बे हजार चौहत्तर रुपैया मात्र) र आन्तरिक आय रु. ४०,३४,१६१/- (अक्षरुपी चालिस लाख चौतिस हजार एक सय एकसठी रुपैया मात्र) गरि जम्मा रु. २०,३५,५८,५२५/- (अक्षरुपी बिस करोड पैतिस लाख अन्ठाउन्न हजार पाँच सय पैतिस रुपैया मात्र) आम्दानी भएको छ ।

चालु आ.व. को कुल बजेट रु. ९६१९८९३९७।९३ (अक्षरुपी छयानब्य लाख उन्नाईस करोड उनान्नब्य हजार तिन सय सन्तानव्य पैशा त्रियानब्य मात्र रहेकोमा चालु खर्च खर्च तर्फ रु. ५७,६८,९७,३९७।९३ (अक्षरुपी सन्ताउन्न करोड अड्सठ्ठी लाख सन्तानब्य हजार तिन सय सन्तानव्य पैसा त्रियानब्य) विनयोजन भएको मध्ये रु. ९,८५,८६,८९२/- (अक्षरुपी नौ करोड पचासी लाख छयासी हजार आठ सय बयानब्बे रुपैया) मात्र खर्च भएको छ । जुन कुल चालु वजेटको १७.०९ प्रतिशत हुन आउछ । यसै गरि कुल पुजिगत बजेट रु ३८,५०,९२,०००.०० (अक्षरुपी अड्तिस करोड पचास लाख बयानव्य हजार मात्र) मध्ये ५,०३,२०,१२८/- अक्षरुपि पाच करोड तिन लाख बिस हजार एक सय अठाईस मात्र) खर्च भएको छ । जुन कुल पुजिगत वजेटको १३.०७ प्रतिशत हुन आउने देखिन्छ । चालु आ.व. को दोश्रो त्रैमासिकमा औषत १५.४७ प्रतिशत खर्च भएको अवस्था छ । अघिल्लो प्रथम त्रैमासिक अवधिमा चालु तर्फ २१.७६ प्रतिशत र पुजिगत खर्च तर्फ १३.०५ प्रतिशत गरि जम्मा १८२६ प्रतिशत मात्र खर्च भएको अवस्था थियो ।

## ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण

कार्यालयद्वारा अघिल्ला आर्थिक वर्षमा समेत थुप्रै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छ जुन कार्यालयको वार्षिक कार्यक्रमका रुपमा एवं वार्षिक प्रतिवेदनका रुपमा कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा उपलब्ध रहेको छ ।

**ण) सार्वजनिक निकायको वेभसाइट भएको भए सो को विवरण**

कार्यालयको वेभसाइट www.palungtarmun.gov.np रहेको छ।

**त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

संवैधानिक रुपमा स्थानीय तहलाई सो प्रकृतिका कार्यहरु सम्पादन गर्ने अधिकार नरहेको कारण यस नगरपालिकाले प्रत्यक्षतः कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान र प्राविधिक सहयोगमा हस्ताक्षर गरेको छैन।

**थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

यस नगरपालिकाले व्यवस्थित रुपमा सूचनाहरुको वर्गीकरण गरेको छैन । कार्यालयसँग सम्वन्धित विभिन्न प्रकारका सूचनाहरु कार्यालयका अभिलेखका रुपमा विभिन्न ढंगले सुरक्षित राखिएका छन।

**द) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको**

पालुङटार नगरपालिकामा विगतदेखि नै विभिन्न विषयमा विभिन्न व्यक्तिहरुले विभिन्न प्रयोजनको लागि सूचना माग गरिदै आएको छ। नगरपालिकाले त्यसरी सूचना माग भएकोमा सूचनाको प्रकृति र गाम्भिर्यतालाई ध्याद दिदै जतिसक्दो छिटो सूचना उपलब्ध गराउदै आएको छ। हालसम्म सुचना माग र उपलब्धताको अवस्था देहाय बमोजिम रहेको छ।

| आ.व | सूचना माग भएको संख्या | सूचना उपलब्ध गराइएको संख्या | स्वत: प्रकाशन |
|---|---|---|---|
| ०७५/७६ | ४ | ४ | नभएको |
| ०७६/७७ | ४ | ४ | नभएको |
| ०७७/७८ | ५ | ५ | नभएको |
| ०७८/७९ | ४ | ४ | भएको |
| ०७९/८० | ५ | ५ | भएको |
| ०८०/८१ | १ | १ | भएको |

**ध) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

कार्यालयका सूचनाहरु कार्यालयको वेभसाइटका अतिरिक्त कार्यालयको फेसवुक पेज *palungtar municipality palungtar gorkha* तथा नगर प्रमुखको सचिवालयद्वारा सञ्चालित फेसवुक पेज *विवस चिन्तन सचिवालय* बाट समेत प्राप्त गर्न सकिन्छ ।

****************************** **धन्यवाद** ******************************